पुथा उत्तरगंगा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम पूर्व
लुम्बिनी प्रदेश, नेपाल

## प्रेस विज्ञप्ति
## २०७८ज्येष्ठ १८ गते मंगलबार

- यस पुथा उत्तरगंगा गाउँपालिका वडा नं ६ डिम्मुरगैरा स्थायी ठेगाना भई मिति २०७८ जेठ १६ गतेदेखि गाउँपालिकाको कोभिड-१९ अस्थायी अस्पतालमा उपचाररत ६० वर्षीय पुरुषको मिति २०७८ जेठ १७ गते राति १२ बजे उपचारकै क्रममा दु:खद निधन भएको छ।
- ७ देखि ९ दिनसम्म कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएको भनि गाउँपालिकामा जानकारी आएपश्चात निजलाई मिति २०७८ जेठ १६ मा गरिएको एन्टिजीन टेस्टमा कोरोना भाईरसको संक्रमण पुष्टि भएको थियो। स्वास फेर्न समस्या हुने, ज्वरो आउने, जिउँ दुख्ने, रिङ्गाटा लाग्ने, सुख्खा खोकी लाग्ने जस्ता लक्षणहरु बढ्दै जाँदा निजलाई गाउँपालिकाको कोभिड-१९ अस्थायी अस्पतालमा भर्ना गरिएको थियो। भर्ना हुँदा निजको रगतमा अक्सिजनको मात्रा (SPO2) ५९-६१ भएकोमा हाईफ्लो अक्सिजन सप्लाई र लक्षणात्मक उपचार गर्दा स्वास्थ्यमा केहि सुधार भएको थियो तर पुन: जेठ १७ गते दिउँसो ४/५ बजेतिर समस्या बढेपश्चात गरिएको उपचारले पनि स्वास्थ्यमा सुधार नआएपछि अन्यत्र रिफर गर्ने तयारी गर्दै गर्दा स्वास्थ्यकर्मीहरुको अथक प्रयासका बाबजुत राती करिब १२ बजे उहाँको दु:खद निधन भएको थियो।

  निजको निधनले समग्र गाउँपालिकालाई गहिरो चोट परेको छ। दु:खको यस घडिमा मृतात्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।
- साथै पछिल्लो विवरण अनुसार ३ जना महिला र ४ जना पुरुष गरी जम्मा ७ जनामा कोभिढ-१९ एन्टिजिन परीक्षण गर्दा १ जना महिलामा कोरोना भाईरसको संक्रमण पुष्टि भएको छ। यससँगै हालसम्म जम्मा १६६ जनामा कोरोना परीक्षण गर्दा २५ जनामा संक्रमण पुष्टि भएको छ भने १ जनाको दुखद निधन भएको छ। हाल गाउँपालिकामा १३ जना संक्रिय संक्रमितहरु हुनुहुन्छ।

**कोरोना भाईरसको संक्रमणबाट बच्न जनस्वास्थ्यका नियमहरुको पूर्णरुपमा पालना गर्ने साथै साथै जिल्ला प्रशासन कार्यालय, जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र र पुथा उत्तरगंगा गाउँपालिकाले जारी गरेका नियमहरु पालना गरौं। स्रोत साधनहरुको अपर्याप्तताका बाबजुद हामी पुथा उत्तरगंगा गाउँपालिकाका नागरिकहरुको जिवन रक्षाको लागि २४ सै घण्टा उपस्थित छौं कृपया सजगता अपनाई सहयोग गरिदिनुहोस्।**

वशिष्ट नारायण यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned by TapScanner